# सामाजिक विकास संस्था ऐन, २०७५

प्रमाणीकरण मितिः२०७५।०६।१४

संवत् २०७५ सालको ऐन नं. १७

<u>प्रस्तावनाः</u> सामाजिक विकास कार्यमा संलग्न संस्थाहरुको लगानी र भूमिकालाई प्रभावकारी,जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको नियमन गर्न तथा प्रादेशिक प्राथमिकताका क्षेत्रमा कार्य गर्न सामाजिक संस्थाहरूलाई प्रोत्साहन गर्न कानूनी व्यवस्थागर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं.१ को प्रदेश सभाले ऐन बनाएको छ।

## परिच्छेद- १
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (१) यस ऐनको नाम "सामाजिक विकास संस्था ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नम्बर १ भर लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले प्रदेश नम्बर १ सामाजिक विकास संस्था ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ग) "कार्यसमिति" भन्नाले विधान अनुसार गठन भएको सामाजिक विकास संस्थाको कार्यसमितिलाई सम्झनुपर्दछ ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्दछ ।

(ङ) "दातृ निकाय" भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारलाई सम्झनु पर्दछ ।

(च) "परिषद्" भन्नाले दफा (७) बमोजिम स्थापना हुने प्रदेश स्तरीय सामाजिक विकास परिषद्लाई सम्झनुपर्छ ।

(छ) "प्रदेश" भन्नाले प्रदेश नं. १ लाई सम्झनु पर्दछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ज) “मन्त्रालय” भन्नाले सामाजिक विकास संस्था सम्बन्धी कार्यक्षेत्र भएको प्रदेशको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(झ) “विधान” भन्नाले सामाजिक विकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

(ञ) “संस्था” भन्नाले यस ऐन बमोजिम गठन हुने सामाजिक विकास संस्थालाई सम्झनु पर्दछ।

## परिच्छेद– २

## संस्था दर्ता र समन्वय

३. दर्ता गर्नु पर्ने: (१) यो ऐन प्रारम्भ भएपछि प्रदेश नम्बर १ मा स्थापना हुने कुनै पनि संस्था स्थानीय तहमा दर्ता गर्नु पर्नेछ र यसरी दर्ता भएको संस्थाको विवरण (नाम, ठेगाना, उद्देश्य र कार्यक्षेत्र आदि) सम्बन्धित स्थानीय तहले परिषदमा तोकिए बमोजिम पठाउनु पर्नेछ ।

तर एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने संस्थाहरुको दर्ता परिषदमा वा परिषद्को स्थापना नभएसम्म मन्त्रालयले तोकेको दर्ता अधिकारी समक्ष गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्दा तोकिए बमोजिम संस्थाको उद्देश्य र कामको प्रकृतिको आधारमा वर्गीकरण गरिनेछ।

(३) संस्थाको विधान, दर्ता, नवीकरण लगायतका व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन तर यस दफाको प्रतिकूल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ ।

(५) संस्था दर्ता वा नवीकरण वापत लाग्ने शुल्क तोकिए वमोजिम हुनेछ ।

४. सूचिकृत हुनुपर्ने: (१) प्रदेशमा एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने गरी कार्यक्षेत्र तोकिएका वा कार्यरत सबै संस्थाहरुयो ऐन लागू भएको मितिले एक वर्षभित्र तोकिए बमोजिम परिषदमा अनिवार्य सूचिकृत हुनु पर्नेछ र यस दफा बमोजिम सूचिकृत नभएमा त्यस्तो संस्थालाई कुनै पनि कार्यक्रम संचालन गर्न अनुमति दिइने छैन ।

(२) एउटा मात्र स्थानीय तहमा काम गर्ने संस्थाले परिषदमा सूचिकृत हुन चाहेमा त्यस्तो संस्थालाई समेत सूचिकृत गर्न यो ऐनले बाधा पुर्याएको मानिने छैन ।

(३) प्रदेशमा योजना वा कार्यक्रम सञ्चालन गर्न चाहने तर अन्य प्रदेशमा दर्ता भएकोसंस्थाले कार्यक्रम स्वीकृत हुनु पूर्व प्रदेशमा सूचिकृत हुनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम सुचिकृत नहुने संस्थालाई प्रदेशमा कार्य गर्नपरिषद्ले अनुमति दिने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

तर यस दफा बमोजिम सूचिकृत नभएको कुनै संस्थाले सामाजिक विकासको क्षेत्रमा महत्वपुर्ण योगदान गर्न सक्ने निर्णय गरी कुनै संस्थालाई अनुमति दिन परिषदले सिफारिस गरेमा सो संस्थालाई मन्त्रालयले कार्यक्रम संचालन गर्न अनुमति दिनसक्नेछ ।

५. <u>स्वीकृति लिनुपर्नेः</u> (१) दफा ४ वमोजिम सूचिकृत हुने संस्थाले स्थानीय तहमा कुनै कार्यक्रम वा योजना सञ्चालन गर्नुपरेमा प्रचलित कानूनका अतिरिक्त मन्त्रालयको समेत पूर्व स्वीकृति लिनपरिषद् मार्फत प्रस्ताव पेश गर्नुपर्नेछ ।

**<u>स्पष्टिकरणः</u>** यस दफाको प्रयोजनका लागि "योजना"भन्नाले ६ महिनाभन्दा बढी अवधिका परियोजना तथा कार्यक्रमसमेतलाई जनाउँछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा संस्थाले देहाय बमोजिम खुलाउनु पर्नेछः

(क) प्रस्तावित योजनाको अवधारणा, लक्ष्य, उद्देश्य, मुख्य क्रियाकलाप र अपेक्षित प्रतिफल,

(ख) प्रदेश सरकारको नीति, कार्यक्रमको साथै प्राथमिकतासँग प्रस्तावित योजनाको सम्बन्ध,

(ग) योजना अवधि, मुख्य क्रियाकलापहरुको लागत सहितकूल लागत रकम र सो रकम खर्च गर्न संस्थाको आर्थिक श्रोतसाधन प्राप्तिको सम्झौता,

(घ) आवश्यक पर्नेभौतिक श्रोतसाधनको विवरण तथा खरिद प्रकृया,

(ङ) आवश्यक पर्ने जनशक्ति र त्यस्तो जनशक्तिको प्रकार एवं नियुक्तिको प्रक्रिया,

(च) लैंगिक समानता, सामाजिक समावेशीकरणसम्बन्धी नीति,

(छ) परिषदको सिफारिस,

(ज) योजना सम्पन्न भएपछि दिगोपना कायम गर्ने उपायहरु,

(झ) लक्षित समूहको संख्या, प्रकृति र अवस्था,

(ञ) कार्यक्रम संचालन हुने स्थान, वडा तथा स्थानीय तह,

(ट) अनुगमन मूल्याङ्कन विधि,

(ठ) अभिलेखीकरण प्रक्रिया,

(ड) तोकिए बमोजिमका अन्य आवश्यक विषयहरु ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्ने संस्थालाई प्राप्त विवरणको जाँचबुझ गरी सामान्यतया पन्ध्र दिन भित्र स्वीकृति दिन सकिनेछ ।

तर थप विवरण आवश्यक पर्ने भएमा परिषद्ले संस्थालाई सात दिनको समय दिनेछ।

(४) उपदफा (३) बमोजिम थप विवरण प्राप्त भएमा सामान्यतया सात दिनभित्र परिषद्ले स्वीकृति दिनेछ ।

(५) उपदफा (४) बमोजिम परिषदले स्वीकृति दिन नमिल्ने भएमा कारण सहित सो प्रस्ताव मन्त्रालय समक्ष पठाई सोको जानकारी सम्वन्धित संस्थालाई दिइनेछ ।

(६) उपदफा (५) बमोजिमको प्रस्ताव प्राप्त भएमा मन्त्रालयले प्रदेश सरकार समक्ष प्रस्ताव पठाएमा प्रदेश सरकारले सामान्यतया एकमहिना भित्र निर्णय गर्नेछ ।

(७) मानवीय उद्धारका लागि आकस्मिक रुपमा कुनै सेवा प्रदान गर्नु परेमा यस दफा बमोजिम पूर्व स्वीकृति लिनु पर्ने छैन तर त्यस्तो सेवा प्रदान गर्नुअघि सम्बन्धित निकायसँग सम्पर्क गरीत्यस्तो निकायको निर्देशन बमोजिम कार्य गर्नुपर्नेछ र त्यस्तो विषयको जानकारी परिषद्लाईदिनु पर्नेछ ।

(८) ६ महिनाभन्दा कम अवधिको योजना सञ्चालन गर्न चाहने संस्थाले यस दफा बमोजिम पूर्व स्वीकृति लिनु पर्ने छैन तर योजना सञ्चालन गर्नुपूर्व मन्त्रालयसँग समन्वय गर्नु पर्नेछ ।

(९) माथिका दफामा जुनसुकै कुरा लेखिएको भएतापनि रु.एक करोड भन्दा माथिदश करोड सम्मको योजना सञ्चालनको स्वीकृति मन्त्रालयले र दश करोडभन्दा माथिको योजना संचालनको स्वीकृति प्रदेश सरकारबाट लिनु पर्नेछ।

६. <u>प्रतिवेदन दिनुपर्ने:</u> (१)एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने संस्थाले योजना कार्यान्वयनको कार्यतालिका बमोजिमको प्रगतिप्रतिवेदन प्रत्येक तीन महिनामा तोकिएको ढाँचामा परिषदमा पेश गर्नु पर्नेछ ।

तर ६ महिनाभन्दा कम समयको योजना भएमा कार्यसम्पन्न भएको पन्ध्र दिनभित्र योजनाको नाम, उद्देश्य, कार्यक्षेत्र, लक्षित समूह, सम्पन्न गरिएको कामको नाम, खर्च रकम, अभिलेख व्यवस्था तथा दिगोपना कायम गर्न भएका सीप हस्तान्तरणको कार्यसहित कार्य सम्पन्न भएको स्थानीय तह, वडा तथा स्थान उल्लेख गरी मन्त्रालयमा एक पटक मात्र प्रतिवेदन बुझाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदनकोअध्ययन गरीपरिषद्ले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ र निर्देशन पालना नगर्ने संस्थाको हकमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ३
## <u>परिषद सम्बन्धि व्यवस्था</u>

७. <u>परिषदको स्थापना:</u> (१) संस्था दर्ता, अनुगमन, नियमन, समन्वय र प्रवर्द्धन गरी सुव्यवस्थित तरिकाले सामाजिक विकास कार्य सञ्चालन गर्न मन्त्रीपरिषद्ले एक सामाजिक विकास परिषद्को स्थापना गर्न सक्नेछ ।

(२) परिषदमा देहायका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहनेछन्:-

(क) सामाजिक विकास कार्य हेर्ने मन्त्री वा राज्य मन्त्री – अध्यक्ष

(ख) प्रदेश सरकारबाट नियुक्ति हुने उपाध्यक्ष – सदस्य

(ग) सामाजिक विकास हेर्ने प्रदेश योजना आयोगका सदस्य – सदस्य

(घ) मन्त्रालयका सचिव – सदस्य

(ङ) आन्तरिक मामिला हेर्ने मन्त्रालयका अधिकृत प्रतिनिधि – सदस्य

(च) आर्थिक मामिला हेर्ने मन्त्रालयका वित्त हस्तान्तरण समिति हेर्ने महाशाखाका अधिकृत प्रतिनिधि – सदस्य

(छ) समावेशी सिद्धान्त बमोजिम कम्तिमा दुईजना महिला पर्ने गरी प्रतिष्ठित समाजसेवी/विज्ञहरूमध्येबाट प्रदेश सरकारद्वारा मनोनित बढीमा चार जना – सदस्य

(ज) सामाजिक विकास संस्थाहरुको प्रादेशिक संगठनको प्रतिनिधित्व हुने गरीएक महिला सहित दुई जना – सदस्य

(झ) मन्त्रालयका सम्बन्धित महाशाखाका प्रमुख – सदस्यसचिव

(३) उपाध्यक्ष र मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।
तर निजको कार्य सन्तोषजनक नभएमा तोकिएको पदावधी अगावै प्रदेश सरकारले पदमुक्त गर्न सक्नेछ । त्यसरी पदमुक्त गर्नुअघि निजलाई सफाई पेश गर्ने मौका दिइने छ ।

(४) उपाध्यक्षको योग्यता र नियुक्तिसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपाध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु मन्त्रालयको सचिव सरह हुनेछ ।

८. परिषद्संगठित संस्था हुने: (१) परिषद अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच- बिखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।तर अचल सम्पत्ति वेचविखन गर्न भने मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्ने र परिषद्उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

९. परिषद्को कार्यालय: परिषद्को केन्द्रीय कार्यालय प्रदेशको राजधानीमा रहनेछ ।

१०. परिषद्को बैठक र निर्णय: (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सामान्यतया कम्तीमा वर्षको ४ पटक बस्नेछ ।

(२) परिषद्को कूल सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को निर्णय उपस्थित सदस्यहरुको बहुमतका आधारमा हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) परिषद्को निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) परिषद्का सदस्यहरुले बैठकमा भाग लिए वापत मन्त्रिपरिषदले निर्णय गरे वमोजिम भत्ता र सुविधा पाउनेछन् ।

११. <u>परिषद्को काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लेख गरिएका व्यवस्थाको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सामाजिक विकास कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, संस्थालाई सहयोग गर्ने, तिनीहरूका बीच समन्वय गर्नेर तिनीहरूको कामको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने, गराउने साथै आवश्यक निर्देशन दिने,

(ख) संस्थाहरूको स्थापना, विकास, विस्तार र सुदृढीकरणको लागि आवश्यक सहयोग गर्ने, गराउने,

(ग) सामाजिक विकास कार्यसम्बन्धी नीति तथा कार्यक्रम स्वीकृत गरी लागू गर्न मन्त्रालयलाई आवश्यक परामर्श दिने,

(घ) सामाजिक विकास कार्यको लागि कोषको स्थापना गर्ने र तोकिए बमोजिम कोष सञ्चालन गर्ने,

(ङ) सामाजिक विकास कार्यमा संलग्न परिषद्सँग आबद्ध संस्थाहरूका लागि सूचना तथा अभिलेख केन्द्रका रूपमा कार्य गर्ने,

(च) सामाजिक विकास कार्यसँग सम्बन्धित विषयमा तालिम दिने, अध्ययन, अनुसन्धान गर्ने, गराउने, त्यस्तो अध्ययन अनुसन्धानको आवश्यक ब्यवस्था गर्ने निकायलाई आफ्नो बार्षिक नीति, योजना तथा कार्यक्रममा सहयोग गर्ने र मन्त्रालयमा समेत पठाउने,

(छ) प्रदेशमाप्रचलित कानून बमोजिम कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग समन्वय गर्ने,

(ज) संस्थाका पदाधिकारी र कार्यकारी प्रमुखले पेश गरेको सम्पत्ति विवरण आवश्यकता अनुसार अनुगमन तथा मूल्याङकन गर्ने र अभिलेखीकरण गर्ने ।

(झ) संस्थाहरुबाट प्राप्त लेखापरीक्षण प्रतिवेदनको एकमुष्ट समिक्षा प्रतिवेदन बार्षिक रुपमा मन्त्रालय समक्ष प्रस्तुत गर्ने,

(ञ) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

१२. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u> (१) उपाध्यक्षले अध्यक्षको निर्देशनमा रही काम गर्नुपर्नेछ ।

(२) उपाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को प्रशासन र व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(ख) परिषद्को वार्षिक बजेट, कार्यक्रम र योजना तयार गरी परिषद समक्ष पेश गर्ने,

(ग) परिषद्को चल, अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने,

(घ) परिषद्को काम कारबाही सुचारु रुपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) परिषद्को नीति, कार्यक्रम र निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(३) उपदफा (१) बमोजिमको कार्य गर्ने प्रयोजनको लागि उपाध्यक्षले सदस्य-सचिवलाई आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालना गर्नु सदस्य-सचिवको कर्तव्य हुनेछ।

१३. <u>उपसमिति गठन गर्न सक्नेः</u> (१) परिषद्ले आफ्नो कार्य सुचारु रूपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिहरूको काम, कर्तव्य, अधिकार तथा कार्यविधि परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।

(३) उप समितिका सदस्यहरुको भत्ता र अन्य सुविधा परिषद्ले तोके बमोजिम हुनेछ ।

१४. <u>परिषदमा आवद्ध हुनेः</u> (१)परिषद्सँग आवद्ध हुन चाहने संस्थाहरूले तोकिए बमोजिमको ढाँचामा परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने संस्थाहरूले निवेदनसाथ आफ्नो विधान, कार्य समितिको सदस्यहरूको नाम, पेशा, ठेगाना, संस्थाको प्रमुख पदमा बसेका पदाधिकारीहरुको सम्पत्ति विवरण समेत पेश गर्नु पर्नेछ ।

**स्पष्टिकरणः** 'प्रमुख पद' भन्नाले अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सहसचिव, कोषाध्यक्ष र प्रमुख कार्यकारी अधिकृत भन्ने बुझ्नुपर्दछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी सामान्यतया पन्ध्र दिनभित्र सम्बन्धित संस्थालाई परिषद्सँग आबद्ध गर्न उपयुक्त देखेमा परिषद्ले तोकिएबमोजिम दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

१५. <u>परिषद्को कोषः</u> (१) परिषद्को आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) संघीय र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) संघीय सरकार मार्फत कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था, विदेशी संस्था वा विदेशी नागरिकबाट प्राप्त रकम,

(ग) परिषद्को चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

(घ) कुनै व्यक्ति वा संस्थाले चन्दा, सहायता, अनुदान वा दान दातव्यको रूपमा प्रदान गरेको रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) परिषद्को सबै रकम परिषदको नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) परिषद्को तर्फबाट व्यहोर्नु पर्ने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) कोषको सञ्चालनसम्वन्धी ब्यवस्था तोकिएबमोजिम हुनेछ ।

१६. <u>लेखा र लेखापरीक्षणः</u> (१) परिषद्को लेखा प्रदेश सरकारले अपनाएको प्रकृया बमोजिम राख्नुपर्नेछ ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) मन्त्रालयले चाहेमा परिषदको हिसाब किताबसम्बन्धी कागजात र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१७. <u>संस्थाको लेखापरीक्षण र हिसाव किताव</u>:(१) संस्थाको लेखापरीक्षण परिषद्लेसूचिकृत गरेको लेखा परीक्षकबाट हुनेछ र त्यस्तो लेखा परीक्षकको सेवा शुल्क सम्बन्धितसंस्थाले बेहोर्नु पर्नेछ ।

(२) कुनै संस्थाको लेखापरीक्षण परिषद्ले गराउनु पर्ने आवश्यक ठानेमा परिषद् स्वयमलेतोकेको लेखा परीक्षकबाट त्यस्तो संस्थाको लेखापरीक्षण गराउन सक्नेछ । त्यस्तो लेखा परीक्षकको सेवा शुल्क सम्बन्धित संस्थाले बेहोर्नु पर्नेछ ।

(३) परिषदले चाहेमा संस्थाको हिसाव कितावसम्बन्धी कागजात र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१८. <u>कर्मचारीसम्बन्धी व्यवस्थाः</u> (१) संगठन तथा संरचना सर्वेक्षण गरी परिषद्ले आवश्यकता अनुसार स्थायी कर्मचारीको नियुक्ति गर्न सक्नेछ ।

तर स्थायी कर्मचारी नियुक्ति नभएसम्म तोकिए बमोजिम करारमा कर्मचारी नियुक्ति गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) परिषद्का कर्मचारीहरूको नियुक्ति प्रकृया, पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी व्यवस्था तोकिएवमोजिम हुनेछ ।

१९. <u>कर्मचारीको संलग्नता:</u> परिषद्का कर्मचारीहरू कुनै पनि संस्थाको कार्य समितिको पदाधिकारी वा सदस्य हुन पाउने छैनन्।

२०. <u>वार्षिक प्रतिवेदन:</u> परिषद्ले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र लेखापरीक्षणको प्रतिवेदन र आफूले गरेको काम कारवाहीको विस्तृत विवरण समेतको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद– ४
## <u>संस्थागठन र संचालन सम्बन्धी व्यवस्था</u>

२१. यस ऐन वमोजिम गठन हुने संस्थाको विधानको ढाँचा परिषद्ले तोके वमोजिम हुनेछ ।

२२. <u>कार्यसमिति:</u> (१) संस्थाले कम्तिमा तेत्तीस प्रतिशत महिलासहित समावेशी कार्यसमितिको गठन गर्नु पर्नेछ ।

(२) संस्थाका पदाधिकारीको कार्य अवधि चार वर्षको हुनेछ तर एकै व्यक्ति लगातार दुई पटक भन्दा बढी अध्यक्ष हुन सक्ने छैन ।

(३) संस्थाको कार्यसमितिमा एकै परिवारका एक भन्दा बढी सदस्यहरु रहन पाउने छैनन्।

<u>**स्पष्टीकरण:**</u> यस दफाको प्रयोजनको लागि "परिवार"भन्नाले बाबु, आमा, बाजे, बज्यै, सासू, ससुरा, पति, पत्नी, छोरा, छोरी, बुहारी, ज्वाईं, जेठान, सहोदर दाजु/भाई, दिदी/बहिनी, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा समेतलाई सम्झनुपर्छ ।

(४) संस्थाको कार्यसमितिमा सरकारी कोषबाट नियमित पारिश्रमिक लिने पदाधिकारी वा कर्मचारी रहन पाउने छैनन् ।

२३. <u>पदाधिकारीको सुविधासम्बन्धी व्यवस्था:</u> (१) संस्थाको अध्यक्ष र कार्यसमितिका सदस्यहरुले नियमित पारिश्रमिक लिन पाउने छैनन् ।

तर यस व्यवस्थाले विशेषज्ञ सेवा प्रदान गरी पारिश्रमिक लिन वा बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता, सञ्चार तथा यातायात खर्चजस्ता सुविधा लिन रोक लगाएको मानिने छैन।

(२) कुनै संस्थाको अध्यक्ष भईसकेको व्यक्तिले निजको कार्यकाल समाप्त भएपछि सोही संस्थाबाट नियमित तलब-भत्ता पाउने कार्यकारी प्रमुखवा कर्मचारीका रुपमा नियुक्ति लिन पाउने छैन ।तर यस व्यवस्थाले विशेषज्ञ सेवा प्रदान गर्न र सो वापत पारिश्रमिक वा भत्ता वापत तोकिएको रकम लिन भने वाधा पुग्नेछैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

२४. <u>संस्थाको कर्मचारीसम्बन्धी व्यवस्था:</u> (१)संस्थाले कर्मचारीको नियुक्ति, सेवा, सुविधा, बढुवा, अवकास लगायतका विषयमा नियमावली बनाई लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नियमावलीमा आरक्षण, खुल्ला प्रतियोगितात्मक लिखित, मौखिक र प्रयोगात्मक परीक्षाबाट नियुक्ति गरिने व्यवस्थासमेत समावेश हुनुपर्नेछ।

तर कार्यालय सहयोगी, सवारीचालकजस्ता कर्मचारी अन्तर्वार्ता र प्रयोगात्मक परीक्षाबाट नियुक्त गर्न सकिनेछ ।

(३) संस्थाको कार्यकारी प्रमुख, लेखा प्रमुख, जिन्सी र खरिदसम्बन्धी काम गर्ने कर्मचारीहरु एकै परिवारका सदस्यहरुमध्येबाट हुन पाउने छैनन् ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि "परिवार"भन्नाले बाबु, आमा, बाजे, बज्यै, सासू, ससुरा, पति, पत्नी, छोरा, छोरी, बुहारी, ज्वाईं, जेठान, दाजु, भाई, दिदी, बहिनी, मामा माइजू, भाञ्जा, भाञ्जी, काका, काकी, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा समेतलाई सम्झनुपर्छ ।

(४) संस्थाको अध्यक्ष र कार्यकारी प्रमुख नियुक्त भएको मितिले साठी दिनभित्र आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण परिषद्समक्ष पेश गर्नुपर्नेछ र त्यस्तो सम्पति विवरण प्रत्येक वर्षको आषाढ मसान्त भित्रमा परिषदमा अध्यावधिक गराउनु पर्नेछ ।

(५) संस्थाको कर्मचारीको पारिश्रमिक वा सुविधा बैंक मार्फतमात्र भुक्तानी गर्नुपर्नेछ ।

२५. <u>लेखा समितिको व्यवस्था:</u> (१) संस्थाले अनिवार्य रुपमा एक लेखा समितिको गठन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने लेखा समितिमा संस्था बाहिरका एकजना विज्ञ सहित तीनजना सदस्य हुनेछन् ।

(३) लेखा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## <u>प्रोत्साहन र कारवाही</u>

२६. <u>संस्थासँग सहकार्य:</u> (१) प्रदेशको कुनै पनि मन्त्रालयले स्वीकृत गरेको कुनै योजना कार्यान्वयन गर्न प्रचलित कानूनको अधिनमा रही संस्थाहरुसँग सहकार्य गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा दफा ४ बमोजिम सुचिकृत हुने संस्थालाई पहिलो प्राथमिकता दिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम सहकार्य गरिने संस्था छनौटको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२७. <u>सम्मान गरिनेः</u> (१) प्रदेशमा कार्य गरी महत्वपूर्ण योगदान पुर्याउने संस्थाहरुमध्ये विज्ञ सहितको छनौट समितिको सिफारिसको आधारमा सर्वोत्कृष्ट संस्थाको रुपमा छनौट भएका संस्थालाई प्रदेश सरकारले प्रत्येक वर्ष नगद रकम सहित सम्मान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्मान गर्दा प्राप्त हुने नगद रकम संस्थाको संस्थागत विकासमा खर्च गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम सम्मान गरिने संस्था छनौटको मापदण्ड र आधार तोकिए बमोजिम हुनेछ ।

२८. <u>स्वीकृति रद्द गर्नेः</u> प्रदेश सरकारले देहायका अवस्थामा संस्था वा संस्थाको पदाधिकारी, सदस्य वा कार्यकारी प्रमुखलाई नसिहत दिने वा सचेत गराउने छ,

(क) यस ऐनमा उल्लेखित प्रावधानको उल्लंघन गरेमा,

(ख) प्रदेश सरकार वा मन्त्रालयले दिएका निर्देशन विपरीत कार्य गरेमा,

(ग) स्वीकृति दिइएको योजनाविपरीत कार्य गरेमा,

(घ) उपयुक्त कारण बेगर स्वीकृति पाएको तीन महिनाभित्र कार्य प्रारम्भ नगरेमा,

(ङ) यस ऐन बमोजिम बनेको आचारसंहिताको पटक-पटक उल्लंघन गरेमा,

(च) संविधान र प्रचलित कानून विपरीत कार्य गरेमा ।

२९. <u>संस्था खारेज नहुनेः</u> (१) देहायको अवस्थामा बाहेक सामान्यतया संस्था खारेज हुने छैनः

(क) सार्वभौमसत्ता,राष्ट्रिय अखण्डता विरोधी गतिविधी गरेमा,

(ख) क्षेत्रीय, जातजाती, धर्म, संस्कृति, लैङ्गिक विभेद रसमुदाय बीचको सम्बन्धमा खलल पुर्याउने गतिविधि गरेमा,

(ग) नेपाल राज्यको विरुद्दमा जासुसी गरेमा,

(घ) राष्ट्रिय वा प्रादेशिक अर्थतन्त्रमा गम्भिर नोक्सान पुर्याउने काम गरेमा,

(ङ) लगातार तीन वर्षसम्म नवीकरण नभएमा ।

(२) उपदफा (१) वमोजिम खारेज गर्नुपर्ने निर्णय गर्नु अघि सम्बन्धितसंस्थालाई सफाइको उचित मौका दिइनेछ ।

(३) उपदफा (१) वमोजिम गतिविधि गर्ने संस्था विरुद्ध प्रचलित कानून बमोजिम मुद्धा चलाउन वा कारवाही गर्न समेत बाधा पर्नेछैन ।

## परिच्छेद– ६
## <u>विविध</u>

३०. <u>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासम्बन्धी व्यवस्थाः</u> (१) कुनै पनि अन्तराष्ट्रिय गैरसरकारी संस्थाले प्रचलित कानून बमोजिम प्रदेशमा मन्त्रालयको पूर्व स्वीकृति लिएरमात्र कार्य गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृती लिई कार्य गर्न चाहने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले साझेदार हुने संस्था छनोट गर्नुअघि तोकिए वमोजिमको ढाँचामा प्रदेश सरकारको पूर्व स्वीकृतिको लागि निवेदन र प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम पेश हुने प्रस्तावको अध्ययन गरी प्रदेश सरकारले आवश्यक शर्त सहित पूर्वस्वीकृति दिन सक्नेछ ।

(४) अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कर्मचारी नियुक्ति गर्नु परेमा नेपाली नागरिकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ। त्यसरी नियुक्त गर्दा समावेशितालाई ध्यान दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम नेपाली नागरिक उपलब्ध हुन नसकेमा सो को पुष्ट्याई सहित विदेशी कर्मचारी नियुक्ति गर्नुपर्नाको कारण खुल्ने गरी मन्त्रालयमा कागजात पेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश भएका कागजातहरुको अध्ययन गर्दा मनासिव ठहरिएमा प्रचलित कानूनी व्यवस्था समेतका आधारमा मन्त्रालयले विदेशी नागरिक नियुक्ति गर्न अनुमति दिन सक्नेछ ।

(७) यस ऐन, प्रदेश सरकार वा मन्त्रालयको निर्देशन विपरीत कार्य गरेको पाइएमा त्यस्तो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई दिइएको स्वीकृति प्रदेश सरकारले रद्ध गर्न सक्नेछ ।

३१. अधिकार प्रत्यायोजनः मन्त्रालय वा परिषद्‌ले यो ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये कुनै अधिकार आवश्यकतानुसार कुनै पदाधिकारी वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३२. बाधा अड्काउ फुकाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधाअड्काउ आएमा त्यस्तो बाधा अड्काउ हटाउनप्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ ।

३३. प्रदेश सरकारसँग सम्पर्कः कुनै संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा दातृ निकायले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

३४. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य पूर्तिका लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३५. मन्त्रालयले ब्यवस्था गर्न सक्नेःयस ऐन बमोजिम परिषद्को गठन नभएसम्म परिषद्‌ले गर्नुपर्ने कार्यहरु मन्त्रालयले तोकेको अधिकृतले गर्न सक्नेछ ।

३६. आचार-संहिता जारी गर्नेः परिषदले संस्थाहरुका लागि आचार-संहिता जारी गरी लागु गर्न सक्नेछ र आचार-संहिताको पालना सम्बन्धी प्रकृया समेत निर्धारण गर्नेछ ।

३७. यस ऐन बमोजिम हुनेः यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

३८. बचाउः प्रचलित कानून बमोजिम दर्ता भई कार्यरत संस्थाले यो ऐन लागु भएको मितिले एक वर्षभित्र नवीकरण गरी स्वीकृत कार्यक्रम सञ्चालन गरेकोमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १